# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

झापा, १ नं प्रदेश, नेपाल, असार २७ गते २०७८ साल

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन**

**२०७४ को दफा १०२ को उपदफा (१) बमोजिमको कचनकवल गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## संवत् २०७८ को कचनकवल गाउँपालिकाको घरेलु तथा लैङ्गिक हिंसा निवारण संरक्षण कोष कार्यक्रम संचालन अनुदान कार्यविधि



स्थानीय राजपत्र

गाउँसभाबाट पारित मिति- २०७८।०३।२७
राजपत्रमा प्रकाशित मिति- २०७८।०४।०१

# घरेलु तथा लैङ्गिक हिंसा निवारण संरक्षण कोष कार्यक्रम सञ्चालन अनुदान कार्यविधि २०७८

कचनकवल गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) तथा कचनकवल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (२) को अधिकार क्षेत्र भित्र रही घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितलाई तत्काल उद्धार, राहत तथा पुन : स्थापना गर्न व्यक्तिगत वा संस्थागत रुपमा राहत उपलब्ध गराउने प्रयोजनार्थ यो घरेलु तथा लैङ्गिक हिंसा निवारण संरक्षण कोष कार्यक्रम सञ्चालन अनुदान कार्यविधि २०७८ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " घरेलु तथा लैङ्गिक हिंसा निवारण संरक्षण कोष कार्यक्रम सञ्चालन अनुदान कार्यविधि २०७८ " रहेको छ ।

(२) यो कार्यविधि कचनकवल गाउँपालिकाको कार्यपालिकाको बैठकबाट पारित भएको मितिदेखि प्ररम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बन्ने कार्यविधिलाई सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले कचनकवल गाउँपालिका सम्झनु पर्छ ।

(घ) "वडा" भन्नाले कचनकवल गाउँपालिकाको विभिन्न वडाहरु सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको कोष सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले कार्यविधिको दफा ९ बमोजिमको कोष सञ्चालनका लागि गठित समिति सम्झनु पर्छ ।

(छ) "पीडित" भन्नाले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(ज) "घरेलु तथा लैंङ्गिक हिंसा" भन्नाले गाउँ, समाज, घर तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यव्यहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत घरेलु तथा लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(झ) "गाउँपालिका अध्यक्ष" भन्नाले कचनकवल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ञ) "गाउँपालिका उपाध्यक्ष" भन्नाले कचनकवल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

३. **कोषको स्थापना :** (१) घरेलु तथा लैङ्गिक हिंसा निवारण तथा न्यूनिकरणका लागि यस गाउँपालिकामा एक घरेलु तथा लैंगिक हिंसा निवारण संरक्षण कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट लैङ्गिक हिंसा निवारण तथा संरक्षणका लागि विनियोजन गरिएको रकम,

(घ) कुनै स्वदेशी वा प्रचलित नियम बमोजिम विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको रकम एक आर्थिक वर्षमा खर्च हुन नसकेमा सो रकम अर्को आर्थिक वर्षमा कोषमा स्वत : सर्नेछ ।

(४) कचनकवल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र कचनकवल गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दरखास्तबाट कोषको खाता सञ्चालन हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त रकमको बैंकमा छुट्टै खाता सञ्चालन गरिनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :-** (१) नियम ३ को उपनियम २ बमोजिमको कोषमा गाउँपालिकाले वार्षिक रुपमा रकम जम्मा गर्नेछ । कोषमा जम्मा गर्ने रकम गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ ।

५. **कोषको रकमको प्रयोग :** (१) कोषको रकमको खर्च गर्दा यस कार्यविधि बमोजिमको सिमा र शीर्षक अनुसार खर्च गर्नुपर्नेछ ।

(२) कोषको रकम देहायको कामका लागि पीडितलाई उपलब्ध उपयोग गरिनेछ ।

(क) पीडितको तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपार गर्न,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(घ) सिपमूलक तालिम प्राप्त पिडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(ङ) पीडितका लागि पुन : स्थापना केन्द्र सञ्चालन गर्न,

(च) पीडितलाई सामाजिक रुपमा पुन : स्थापना गराउन,

(छ) समितिले उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुन : स्थापना सम्वन्धी अन्य कार्यका लागि,

(ज) हिंसा पीडित र प्रभावित महिलाका लागि सुरक्षित गृह (सेफ हाउस) संचालन गर्ने ।

(झ) मन्त्रालय विपक्षी भएको लैङ्गिक हिंसा र यौन जन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नु पर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिइ अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

(ञ) स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा घरेलु तथा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको लेखा र लेखा परिक्षण:-** (१) कोषको आय व्यायको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

७. **रकम फ्रिज नहुने :-** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन । कोषको त्यस्तो रकम स्वत : अर्को आर्थिक वर्षमा जिम्मेवारी सरि जानेछ ।

८. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिएको बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

९. **समिति सम्बन्धी व्यवस्था र रकम वितरणको सिमा :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि कोष सञ्चालन गर्न **स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समति** रहनेछ ।

(२) **स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समतिको** गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको न्यायिक समितिको संयोजक - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) गाउँपालिकाको उपाध्यक्षबाट मनोनित कार्यपालिकाको एक जना महिला सदस्य - सदस्य

(घ) गाउँपालिका अध्यक्षबाट मनोनित एक जना सदस्य - सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख - स. सचिव

(३) उपदफा (२) बमोजिमको समितिले पीडितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिम सीमामा रही तोकीएको रकममा नबढ्ने गरि उपलब्ध गराउनु पर्नेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्दा, औषधि उपचार, पुन: स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएको र सोका लागि समितिले कुनै रकम उपलब्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा समितिले सो प्रयोजनका लागि विस हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम,

(ख) पीडितले कुनै सीपमूलक तालिम प्राप्त व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति दश हजार रुपैयासम्म,

(ग) पीडितलाई कानूनी सहायता, औषधी उपचार, मनोसामाजिक विमर्श सेवाको लागि बढीमा पाँच हजार रुपैयाँसम्म,

(घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च बापत दुई सय रुपैयाँ र बास बस्नु पर्ने भएमा सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाका दरले बढीमा पाँच हजार रुपैयाँसम्म,

(ङ) समितिले घटनाको प्रकृति पीडितको अवस्था समेतलाई विचार गरी उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनः स्थापना सम्वन्धी अन्य कार्यका लागि दश हजार रुपैयाँसम्म,

(च) घरेलु तथा लैङ्गिक हिंसामा परेका पीडितलाई तत्काल उद्धार गर्ने वा व्यवस्थापन गर्न सम्वन्धीत पीडित व्यक्तिको वा संरक्षणको निवेदनको आधारमा, सम्वन्धीत वडाबाट सिफारिसको आधारमा, न्यायिक समितिबाट सिफारिसको आधारमा पीडितलाई गाउँपालिकाको उपाध्यक्ष वा समितिका संयोजकले बढीमा रु ५०००।- (पाँच हजार) रकम उपलब्ध गराउन सक्ने छ तर सो भन्दा बढी रकम दिनु पर्ने भएमा समितिको निर्णय अनुसार गर्नु पर्नेछ ।

(छ) खण्ड (च) अनुसार रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

१०. **स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :-**

स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितको अवस्था विश्लेषण गर्ने र सहयोग गर्ने,

(ख) राहत तथा आर्थिक सहयोगको उपयोग भए नभएको अनुगमन गर्ने,

(ग) गाउँस्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) तत्काल राहात तथा उद्धार गर्नुपर्ने भनि सूचना पाएमा उक्त कार्यमा सहजिकरण गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको लागि कार्य योजना बनाउने,

(च) लैङ्गिक हिंसा निवारण तथा तत्काल राहत उपलब्ध गराउनका लागि समेत साधन श्रोत जुटाउन पहल गर्ने,

११. **निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि दफा ९ को उपदफा ३ बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मुनासिब कारण खुलाई स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिमा निवेदन दिनु पर्नेछ । (२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई आर्थिक सहयोग गर्नुपर्ने मनासिब

आधार देखिएमा समितिले दफा ९ को उपदफा (३) को अधिनमा रही पीडितलाई रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिब आधार नदेखिएमा समितिले सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम दफा ९ बमोजिममा भएको खर्चको विवरण चौमासिक र बार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२. **प्रतिवेदन पेश गर्ने :-** स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कार्वाहीको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सञ्चालक समिति र सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **अभिलेख राख्नु पर्ने :-** (क) सदस्य सचिवले समितिबाट भए गरेका सम्पूर्ण कामको अभिलेख राख्नुपर्नेछ ।

(ख) अभिलेख राख्ने विधि कचनकवल गाउँपालिकको नियम अनुसार हुनेछ ।

१४. **अनुसूचि १**

यस कार्यविधिमा अनुसूचि १ राखिएको छ ।

१५. **संशोधन वा खारेजी :** कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न वा कार्यविधिलाई खारेज गर्न सक्नेछ ।

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत